DeKalb County School District (DCSD) का परिवारलाई अभिवादन,

तपाईं सबैजनाको हप्तान्त सुरक्षित र रमणीय रह्यो भन्ने मलाई आशा छ। म आजको बोर्ड बैठकको अवधिमा प्रकट भएका पहिचानहरूको प्रेरणा बन्दै यो हप्ताको समाचारपत्र सुरु गर्न चाहन्छु। यो हप्ता, DCSD र शिक्षा बोर्ड मिलेर राष्ट्रिय स्कूल बस सुरक्षा सप्ताह र बस चालक प्रशंसा सप्ताह मनाउन गइरहेका छन्।  हामी हाम्रा बस चालकहरूलाई हाम्रा विद्यार्थीहरूप्रति उहाँको प्रतिबद्धताका लागि धन्यवाद दिन र प्रशंसा गर्दछौं।

हामीले अक्टोबर 2 मा राष्ट्रिय संरक्षण कार्यकर्ताको मान्यता दिवसलाई पनि हाइलाइट गर्‍यौं। हाम्रा संरक्षकहरूले हाम्रा विद्यालय भवन र केन्द्रहरू सफा राखेर अद्भूत कार्य गर्नुहुन्छ र महामारीको अवधिमा भवनहरू सफा र स्वच्छ राख्नका लागि अतिरिक्त प्रयास गर्नुभएको छ। हामी हाम्रा संरक्षकहरूलाई उहाँको कडा मिहिनेतको लागि प्रशंसा र धन्यवाद व्यक्त गर्दछौं।

DCSD र शिक्षा बोर्डले स्तन क्यान्सर सचेतना महिना, बदमाशी रोकथाम महिना र राष्ट्रिय विद्यालय मनोविज्ञान सप्ताह (नोभेम्बर 8-12, 2021) लाई पनि मान्यता दिएका छन्। यी पहलहरू डिस्ट्रिक्टको लागि महत्त्वपूर्ण छन् र हामी यस महिनाको बोर्ड बैठकको अवधिमा तिनीहरूलाई मान्यता दिन पाउँदा गर्व गर्छौं।

## विद्यार्थी चर्चा

यो हप्ता, म चाम्बली मिडल स्कूलको आठौं ग्रेडमा अध्ययनरत Andes Finch को बारेमा ध्यानाकर्षण गर्दै छु। यो म्याग्नेट विद्यार्थीलाई Jack Kent Cooke को युवा विद्यार्थीको रूपमा चयन गरिएको थियो। Andes आवेदन दिएका 1,000 भन्दा बढि विद्यार्थीहरूबाट चयन गरिएको 60 जना विद्यार्थी मध्ये एक हुनुहुन्थ्यो। Jack Kent Cooke संघ वित्तिय आवश्यकता भएका अपवादात्मक रूपमा आशाजनक विद्यार्थीहरूको शिक्षा अगाडि बढाउनका लागि समर्पित छ। 2000 देखि, संघले विस्तृत शैक्षिक सल्लाह र अन्य सहायता सेवाहरूको साथमा आठौं ग्रेडदेखि ग्रेजुएट विद्यालयसम्म 2,930 जना भन्दा विद्यार्थीहरूलाई $230 मिलियनभन्दा बढिका छात्रवृत्तिहरू पुरस्कृत गरेको छ। बधाई छ Andes! म यी उत्कृष्ट विद्यार्थीको लोकप्रियताको बारेमा जानकारी गराउन पाउँदा अत्यन्तै खुसी छु ।

## टोली प्रति समर्पित मङ्गलबार (Team Tuesday)

#TeamTuesday अन्तिम हप्ताका लागि, मैले Myisha Warren, DCSD को संघीय कार्यक्रमहरूको कार्यकारी निर्देशक, डा Myisha Warren का लागि साउट आउट दिएको छु।  तपाईंको बलियो नेतृत्वका लागि धन्यवाद, शैक्षिक उपलब्धि सुधार्ने र हाम्रा विद्यार्थीहरूसँग कार्यान्वयन गर्नका लागि आवश्यक स्रोतहरूमा बराबर पहुँच छ भनी सुनिश्चित गर्ने!

**<u>सार्वजनिक सुरक्षा</u>**

म हालै The King Center सँग भर्चुअल गैर-हिंसात्मक प्रशिक्षण सत्रमा सहभागी भएको हाम्रो 56 जना DCSD प्रहरी अधिकारीलाई स्वीकार गर्न चाहन्छु। प्रशिक्षण सत्रले हाम्रा अधिकारीहरूलाई विद्यालयहरूमा हुने विद्यार्थीका असहमति, लडाई, कर्मचारीको द्वन्द्व, सम्पत्तिको क्षति, चोरी र विभिन्न प्रकारका दैनिक परिस्थितिहरूबाट गम्भीर परिस्थितिहरू सम्हाल्न उनीहरूका द्वन्द्व र डि-स्कालेसनका सीपहरू बढाउन अनुमति दिएको छ। म हाम्रो पब्लिक सुरक्षा विभाग र यसले हाम्रा विद्यार्थीहरूलाई संरक्षित र सुरक्षित राख्न गर्ने कार्यको प्रशंसा गर्छु।

**<u>हिस्प्यानिक परम्पराको महिना</u>**

हाम्रा विद्यार्थी, शिक्षक र कर्मचारी सदस्यहरूले हिस्प्यानिक परम्पराको महिनाकोक उत्सव मनाउने सिर्जनात्मक तरिकाहरू देख्दा एकदमै खुशी लागेको थियो। हामीले हाम्रो देश र समाजलाई सकारात्मक रूपमा शिक्षित गरेका हिस्प्यानिक अमेरिकीहरूका पुस्ताहरूलाई आदार गर्छौं। DCSD भनेको सुन्दरतापूर्वक विविध स्कूल डिस्ट्रिक्ट हो र हामी हाम्रो विविधताको उत्सव मनाउँछौं। हिस्पानिक परम्पराको महिनाको उत्सव मनाउनुभएको हाम्रो विद्यालयलाई धन्यवाद।

**<u>आधिकारिक मान्यताको सामुदायिक सर्वेक्षण</u>**

DCSD हाल आधिकारिक मान्यता नवीकरण गर्ने प्रक्रियामा छ। यो प्रक्रियाको भाग भनेको सरोकारवालाहरूसँग प्रतिक्रिया सङ्कलन गर्नु हो। हामी तपाईंलाई परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षणमा सहभागी हुन निमन्त्रणा दिन्छौं। अन्य सरोकारवालाका कलाकृतिहरूसँगै यो सर्वेक्षणका नतिजाहरू डिस्ट्रिक्टको आधिकारिक मान्यता नवीकरण प्रक्रियामा प्रयोग गरिने छ।

परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षण निम्न भाषाहरूमा उपलब्ध छ: अमहारिक, अरबी, बेङ्गाली, बर्मेली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, हिन्दी, नेपाली, सोमाली, स्पेनिश, स्वाहिली, तेलुगु, तिग्रिन्या र भियतनामी। यो सर्वेक्षण गोप्य रहने छ र पूरा गर्न लगभग 10 मिनेट लाग्ने छ। तपाईं निम्न लिङ्कमा सर्वेक्षण पहुँच गर्न सक्नुहुन्छ: https://survey.sogosurvey.com/r/eY7O00

**<u>कोभिडको परीक्षण तथा खोप</u>**

DCSD ले कर्मचारी, विद्यार्थीहरू र समुदायका लागि मासिक रूपमा कोभिड-19 परीक्षण र खोप क्लिनिक आयोजना गर्ने छ । हरेक उमेरका लागि निःशुल्क खोपहरू र परीक्षण उपलब्ध हुने छन् । अर्को निर्धारित कार्यक्रम Administrative & Instructional Complex, 1701 Mountain Industrial Blvd, Stone Mountain, GA मा अक्टोबर 22 शुक्रवारको दिन मध्याह्न 12 बजेदेखि दिउँसो 4:30 बजेसम्म हुन्छ । कोभिड-19 परीक्षण Doraville यातायात केन्द्र, DCSD यातायात विभाग र Panthersville यातायात केन्द्रमा पनि उपलब्ध छ । थप जानकारीका लागि, www.freecovidtesting.us/dekalb भ्रमण गर्नुहोला ।

**बृहत् गुरुयोजनाको टाउन हल बैठक**

DCSD ले यो महिना बृहत् गुरुयोजना (Comprehensive Master Plan वा CMP) को भर्चुअल क्षेत्रीय टाउन हल बैठक आयोजना गर्नेछ। DCSD को मास्टर प्लान बनाउने योजनामा सबै विद्यालय तथा प्रशासनिक सुविधास्थलहरूको मूल्याङ्कनका साथै डिस्ट्रिक्टको शैक्षिक लक्ष्यमा सहायता गर्ने पूर्वाधार पर्दछन्। यो प्रक्रियामा विद्यालयका सुविधाहरूबारे डाटा सङ्कलन गर्ने कुराहरू पर्दछन् जसलाई शिक्षासम्बन्धी विशेष प्रयोजनको स्थानीय विकल्पको विक्री कर (E-SPLOST) को अर्को परियोजना सूचीका लागि प्राथमिकताहरूको विकास गर्न प्रयोग गरिने छ। थप जानकारी र तालिका हेर्नका लागि, कृपया यहाँ क्लिक गर्नुहोस्।

यी बैठकहरूले सुझावहरू तथा प्रतिक्रिया प्रदान गर्न एउटा मात्र अवसर प्रदान गर्ने छन्। मैले आशा गरेको छु की CMP प्रक्रियाले हाम्रो वृहत् सरोकारवाला समूहको माझमा हामीलाई विश्राम तथा पारदर्शिता निर्माण गर्न सहयोग गर्न हामीलाई सहयोग गर्नेछ। हामी E-SPLOST IV र V का सबै परियोजनाहरूलाई एक ठाउँमा मिलान गर्ने प्रक्रियामा छौं र हाम्रा समुदायहरूलाई निरीक्षण तथा रिपोर्टिङका नयाँ उपकरणहरूको बारेमा जानकारी गराउन पाउँदा उत्साहित छौं। हामी डिस्ट्रिक्टको रूपमा निरन्तर रूपमा अगाडि बढ्ने छौं!

कृपया डिस्ट्रिक्टका अद्यावधिकहरूको बारेमा अन्तिम जानकारी प्राप्त गर्न हाम्रो वेबसाइट र आफ्नो विद्यालयको वेबसाइट भ्रमण गर्दै गर्नुहोला। तपाईंको सप्ताह राम्रोसँग बितोस्!